**वैठक नं ४०** मिति : २०७५/०८/२६

आज मिति २०७५ साल मंसिर २६ गते बुधवार दिनको १.०० वजे खँदवारी नगर कार्यपालिकाका प्रमुख श्री मुरारीप्रसाद खतिवडा ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको चालिसौ वैठक वसी देहाय अनुसारको प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| १. | नगर कार्यपालिका प्रमुख | श्री मुरारीप्रसाद खतिवडा |
| २. | नगर कार्यपालिका उप-प्रमुख | श्री डेगेश्वरी श्रेष्ठ |
| ३. | नगर कार्यपालिका सदस्य, वडा नं १ | श्री निरञ्जन श्रेष्ठ |
| ४. | नगर कार्यपालिका सदस्य, वडा नं २ | श्री ज्ञानवहादुर श्रेष्ठ |
| ५. | नगर कार्यपालिका सदस्य, वडा नं ३ | श्री देवराज घिमिरे |
| ६. | नगर कार्यपालिका सदस्य, वडा नं ४ | श्री सजित राई |
| ७. | नगर कार्यपालिका सदस्य, वडा नं ५ | श्री श्यामप्रसाद निरौला |
| ८. | नगर कार्यपालिका सदस्य, वडा नं ६ | श्री दयानिधी वराल |
| ९. | नगर कार्यपालिका सदस्य, वडा नं ७ | श्री मौसम आले मगर |
| १०. | नगर कार्यपालिका सदस्य, वडा नं ८ | श्री डम्वरवहादुर कटुवाल |
| ११. | नगर कार्यपालिका सदस्य, वडा नं ९ | श्री टिकाराम कुमाल |
| १२. | नगर कार्यपालिका सदस्य, वडा नं १० | श्री केशव राजसिं थापा |
| १३. | नगर कार्यपालिका सदस्य, वडा नं ११ | श्री नगेन्द्र गुरुङ्ग |
| १४. | नगर कार्यपालिका सदस्य, वडा नं ३ | श्री सुनीता कटुवाल कार्की |
| १५. | नगर कार्यपालिका सदस्य, वडा नं १ | श्री कुङ्गाङ लामा |
| १६. | नगर कार्यपालिका सदस्य, वडा नं २ | श्री वालकुमारी सोडारी |
| १७. | नगर कार्यपालिका सदस्य, वडा नं ३ | श्री इन्द्रमाया वराइली |
| १८. | नगर कार्यपालिका सदस्य, वडा नं ४ | श्री गोपी घिमिरे |
| १९. | नगर कार्यपालिका सदस्य, वडा नं १० | श्री चन्द्रकला तामाङ्ग |
| २०. | नगर कार्यपालिका सदस्य, वडा नं ८ | श्री लक्ष्मी राई सुनुवार |
| २१. | नगर कार्यपालिका सदस्य, वडा नं १० | श्री पदमलाल सार्की |
| २२. | नगर कार्यपालिका सचिव | श्री पुरुषोत्तम घिमिरे |
| २३. | शाखा अधिकृत शिक्षा शाखा | श्री दिपकमणि घिमिरे |
| २४. | प्रशासन तथा योजना अधिकृत | श्री लक्ष्मण कुइकेल |
| २५. | लेखा अधिकृत | श्री रुद्रमणि श्रेष्ठ |
| २६. | ना.सु.कार्यपलिका सचिवालय (वैठक निर्णय लेखन) | श्री गणेश श्रेष्ठ |
| २७. | आमन्त्रीत, कानुनी सल्लाहारकार, अधिवक्ता | श्री भविश्वर गुरुङ्ग |

**निर्णय नं १**

खाँदवारी नगरपालिकाका ११ वटै वडा कार्यालयहरु संचालनमा आएको र वडा कार्यालयवाट सम्पादन गरिएको कामकार्यवाहि एवं नगर सभाले गरेको निर्णय तथा स्थानिय सरकार संचालन ऐन २०७४ वमोजिम गरिएको कार्य विवरण सम्वन्धित वडा अध्यक्ष एवं कार्यपालिका सदस्य ज्युहरुवाट पेश भएको कार्यको प्रगति विवरण आजको वैठकमा छलफल गरि समिक्षा गरियो ।

**निर्णय नं २**

श्री मनकामना रत्न अम्विका माध्यमिक विद्यालय खाँदवारी नगरपालिका वडा नं ९ तुम्लीङ्गटार द्धारा नमुना विद्यालय विकासको लागि समग्र पक्षहरुलाई समेटेर नमुना विद्यालय व्यवस्थापन निर्देशिका २०७४ लाई आधार मानि प्रस्तुत गरिएको नमूना विद्यालय विकास गरुयोजना (२०७५-२०७९) सोहि निर्देशिकाको नियम ६.३ "छ" बमोजिम स्विकृत गरियो ।

**निर्णय नं ३**

खाँदवारी नगरपालिका वडा नं १ स्थित श्री हिमालय माध्यमिक विद्यालय अगुवा श्रोत केन्द्र संचालनका तथा व्यवस्थापनमा विगत वर्षहरुमा शिक्षा कार्यालय वाट दिइदै आएको अनुदान बन्द भएको र नगरपालिकाका सवै शैक्षिक गतिविध संचालन गर्ने सस्था भएकोले उक्त स्रोत केन्द्रको नियमित संचालनका लागी वजेट शिर्षक नं २५३११ शैक्षिक सस्थालाई सहायता शिर्षक वाट रु १५०,०००। (एक लाख पचास हजार मात्र) ~~अनुदान~~ उपलव्ध गराउने ।

**निर्णय नं ३**

युवा तथा खेलकुद मन्त्रालयको वार्षीक कार्यक्रम बमोजिम नगरपालिकाका सवै वडाहरुमा गठन गरिनु पर्ने युवा क्लव निर्देशिकाले व्यवस्था गरेको प्रावधान बमोजिम गठन गरी २०७५ पौष १० गते भित्र शिक्षा,युवा तथा खेलकुद शाखामा समितिको नामावली उपलव्ध गराउने ।